मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल


प.सं : २०७७/०७८
च.नं : २०८

मितिः २०७७/ ६/२

श्री मंगला गाउँपालिका स्थित सम्पूर्ण विद्यालयहरु
बाबियाचौर , म्याग्दी

विषयः सिकाई सहजीकरण निर्देशिका २०७७ बमोजिम पठन पाठन संचालन गर्ने बारे

उपरोक्त विषयमा नेपाल सरकार ,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय को विद्यार्थी सिकाई सहजीकरण निर्देशिका ,२०७७ कार्यान्वयन सम्बन्धी मिति २०७७।५।२५ मा जारी सूचना बमोजिम यस निर्देशिका बमोजिम सम्बत २०७७ साल असौज १ गते बाट विद्यार्थीको सिकाई सहजीकरण गर्ने गराउने ब्यबस्थाको लागि अनुरोध भै आएको र यस मंगला गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७।५।३० को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरुलाई **विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७** बमोजिम सिकाई सहजीकरण कार्य गर्नु गराउनु हुन अनुरोध छ। साथै सिकाई सहजीकरण कार्य सुरु गर्नू पूर्व निम्न कार्य गरी गाउँपालिकामा पेश गर्नु हुन जानकारी गराइन्छ।

**तपशिल**

- निर्देशिकाको दफा ३ को उपदफ २ बमोजिम विद्यार्थी पहिचान अभिलेखीकरण तथा बर्गिकरण गर्ने ।
- यस दफा बमोजिम विद्यार्थी पहिचान अभिलेखीकरण र बर्गिकरण गरे पश्चा दफा ५ बमोजिमको विवरण Excel file मा तयार गरी शिक्षा शाखामा पेश गर्ने ।
- दफा ३ को उपदफा २ बमोजिम बर्गिकृत विद्यार्थीहरुलाई के कसरी सिकाई सहजीकरण गर्न सकिने हो विद्यायले कार्ययोजना तयार गरी स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने र स्वीकृत कार्ययोजना बमोजिम सिकाइ सहजीकरण कार्य अगाडि बढाउने ।

बोधार्थ
श्री सूचना प्रविधि शाखा-website मा upload गरीदिनुहुन

२०७७।६।२
मनोहर ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत